# सङ्खुवासभा जिल्ला अदालतबाट जारी भएको

## सूचना

विश्वभर महामारीको रूपमा फैलिएको कोरोना भाइरस (कोभिड १९) को संक्रमणबाट हुनसक्ने जोखिम र स्वास्थ्य सुरक्षालाई ध्यानमा राखी सम्मानीत सर्वोच्च अदालतको पूर्ण बैठकको मिति २०७६/१२/०७ लगायत विभिन्न मितिमा भएका निर्णय एवं सूचनाबमोजिम कामकारबाहीमा संकुचन र विस्तार सहितको सेवा प्रवाह हुँदै आएको विदितै छ। नेपाल सरकार (मन्त्रीपरिषद) को मिति २०७६/१२/०९ गतेको निर्णयबाट नेपाल राज्य भरी बन्दाबन्दी (Lock down) को घोषणा भई निरन्तरता पाउँदै आएको अवस्थामा सेवाग्राहीहरू अदालतमा उपस्थित हुन नसकेको हदम्याद, म्याद, तारिख गुज्रने सन्दर्भमा सोको बाधा अड्चन फुकाउन सम्मानीत सर्वोच्च अदालतको पूर्ण इजलासको मिति २०७७/०२/१५ को आदेशबमोजिम यस अदालतबाट विभिन्न मितिमा भएका सर्वपक्षीय बैठक एवं सूचनाहरू प्रकाशित भएको विदितै छ।

१. नेपाल सरकार (मन्त्रीपरिषद) को मिति २०७७/०५/३० को निर्णयबाट नेपाल राज्यभरी अन्तरजिल्ला सार्वजनिक सवारी साधनहरू एवं हवाई उडानसमेत मिति २०७७/०६/०१ गतेबाट संचालनमा आएको सन्दर्भमा बन्दाबन्दी (Lock down) को अवधिमा गुज्रेको हदम्याद, म्याद, तारिख, थाम्ने थमाउने सन्दर्भमा सम्मानीत सर्वोच्च अदालतको वृहत इजलासको मिति २०७७/०२/१५ को आदेशबमोजिम सुविधामा प्रतिकुल असर नपर्ने गरी सम्मानीत सर्वोच्च अदालतबाट जारी गरिएको मिति २०७७/०६/०२ को सूचनाबमोजिम हुने साथै यस जिल्लाभर लागू गरिएको निषेधाज्ञा आदेश मिति २०७७/०५/३१ गते राती १२:०० बजेबाट समाप्त भएको हुँदा आन्तरिक जिल्ला भित्रको मुद्दासँग सम्बन्धित हदम्याद, म्याद, तारीख थाम्ने थमाउने कार्यविधि २०७७/०६/०१ गतेबाट ३० दिनभित्र अदालतमा उपस्थित हुन सूचना जारी गरिएको बेहोरा सूचित गरिन्छ।

२. यस सङ्खुवासभा जिल्ला अदालतबाट बन्दाबन्दीको अवधी नेपाल सरकार (मन्त्रीपरिषद) को मिति २०७६/१२/०९ को निर्णयबमोजिम यस अदालतबाट नियमित रूपमा प्रवाह गरिने कामकारबाहीमा संकुचन र विस्तार सहित सेवा प्रवाह गरिदै आएकोमा अब मिति २०७७/०६/०१ गतेदेखि साविकबमोजिम संचालन गरिँदै आएको मुद्दासँग सम्बन्धित सम्पूर्ण काम कारबाहीहरू नेपाल सरकारले निर्देशन गरेबमोजिमका स्वास्थ्यसँग सम्बन्धित सम्पूर्ण सुरक्षा संयन्त्रका उपायहरू सबै पक्षहरूबाट पालना गर्दै नियमित रूपमा सेवा प्रवाह गरिने बेहोरा सूचित गरिन्छ।

मिति: २०७७-०६-०४

(डिल्लीराम प्रसाई)
स्रेस्तेदार (शा.अ.)